# एलोभरा जुस

## औद्योगिक स्कीम

- परिचय र प्राविधिक पक्ष
- आर्थिक पक्ष

नेपाल सरकार

उद्योग मन्त्रालय

घरेलु तथा साना उद्योग विभाग

त्रिपुरेश्वर

# एलोभेरा जुस

## परिचय

एलोभेरा (घिउ कुमारी) भन्ने प्रजातीको विरुवाको पातबाट निस्कने त्यसलाई एलोभेरा जुस भनिन्छ । यो जुसको सेवनले मानव शरिरमा धेरै फाइदा गर्दछ । नेपालमा एलोभेराको वोटको व्यवसायिक खेती शुरु भएको छ । एलोभेराको पातलाई पिधी यसको जुस निकालिन्छ ।

## बस्तु उत्पादन प्रकृया

सर्व प्रथम एलोभेराको पातलाई सफा पानीले धुनु पर्दछ । ताकी त्यसमा रहेका फोहरहरु हटोस । त्यस पछि ती पातहरुलाई क्रमश मेशिनमा राखेर पेल्ने काम गरिन्छ । यहाँबाट पातमा रहेका गुदीहरु रस वनेर वाहिर निस्कन्छ । त्यसलाईसमुचित तरिकाले छानिन्छ जसले त्यसा रहेका पातहरुके अंशलाई निकाल्छ । त्यस पछी त्यसमा प्रियर्भेटिम राखि वोटलमा फिलिङ्ग गरिन्छ । अन्तमा स्टीकर र बिर्को लगाई कार्टुनमा प्याक गरी बजारमा पठाइन्छ ।

### उत्पादन प्रकृया प्रवाह (Flow chart)



## वातावरणीय पक्ष

### प्रदुषणको किसिम

प्रस्तुत उद्योगबाट खास गरी निम्नानुसारको खेर पदार्थको निस्काशन वा प्रदुषणबाट वातावरणमा असर पार्न सक्ने देखिन्छ ।

| सि.नं. | प्रदुषणको किसिम | निश्कासन हुने बस्तुहरु | रोकथामका उपायहरु |
|---|---|---|---|
| १ | ठोस खेर पदार्थ | प्रयोग नभएका एलोभेराको पात, टुक्रा, छोक्राहरु | जलाउने वा सुरक्षित रुपमा विर्सजन गर्ने |
| २ | तरल खेर पदार्थ | एलोभेराको पोखिएका रसहरु | पुछ्ने र खाल्डामा जम्मा गर्ने |
| ३ | ध्वनी प्रदुषण | पिलिङ्ग मेशिनहरुको आवाजले हल्का ध्वनी प्रदुषण हुने देखिन्छ । | मेसिनहरुको समय समयमा मर्मत, लुब्रिकेशन गर्ने, ध्वनीकम गर्ने साधानहरु प्रयोग गर्ने |
| ४ | वायु प्रदुषण | त्यस्तो असर पर्ने केमिकलहरु प्रयोग हुने नभएकोले वायु प्रदुषण हुदैंन । | |

## सरसफाई

उत्पादनस्थल को दैनिक दुई पटक फिनाएल पानीले सरसफाई गर्नु पर्छ । मेशिन औजारहरुलाई प्रयोग गरेर काम समाप्त भएपछी सफा गरी औजारहरु सुरक्षित तरिकाले निर्दिष्ट स्थानहरुमा राख्नु पर्छ । फोहर मैलालाई तोकेको स्थानमा विसर्जन गर्नुपर्छ ।

## कामदारहरुको स्वास्थ्य र सुरक्षा

कामदारहरुलाई आवश्यक मात्रामा र समय समयमा मास्क, पजां, एप्रोन तथा टोपी दिनुपर्छ । कामदारहरुलाई काम गर्ने मेसिन र प्रकृयाबारे जानकारी समय समयमा गराउनु पर्छ । कामदारहरुको स्वास्थ्य परीक्षण वर्षमा कम्तीमा एक पटक गराउनु पर्छ । बढी भारी सामान ओसार पसार गर्नु परेमा उर्पयुक्त गाडा वा साधनको प्रयोग गर्नुपर्छ । आवश्यक मात्रामा प्राथमिक उपचारका सामग्रीहरु उत्पादन स्थलमा हरसमय राख्नु पर्दछ । कामदारहरुलाई स्वास्थ्य वा काम गर्दा लागेका अप्ठ्यारा बारे समय समयमा अन्तरकृया गरी पृष्ठपोषण लिनुपर्छ र आवश्यक सुधारहरु गर्नुपर्छ ।

## ध्वनी प्रदुषण:

यस किसिमको उघोगमा खासै ध्वनी प्रदुषण हुदैनं । तर पिलिङ्ग वा कटिङ्ग मेशिनहरुको चल्दा उत्पन्न हूने ध्वनीले कसैलाई असर गरेको लागेमा इयर प्लग दिनु पर्छ ।

## ट्रेनिङ्ग:

१. कामदार कर्मचारीहरुलाई काममा लगाउनु भन्दा पहिला तीनलाई कार्यस्थल देखाई प्रयोग हुने मेशिन र प्रकृया बारे जानकारी तथा तहां रहेका सम्भावित जोखिम तथा असरहरु बारे जानकारी दिनु पर्छ ।

२. उघोगमा बिधमान जोखिमहरुबारे जानकारी दिएपछी त्यसबाट बच्ने उपाय तथा प्रयोग गर्ने साधनहरु र केही भएमा के के गर्ने र कसलाई सम्पर्क गर्ने जानकारी समेत दिनुपर्छ ।

३. नयां कामदारहरुलाई तीनले गर्नु पर्ने कार्यको जानाकरी गराई पुरानाको निर्देशन अन्तर्गत राखी ट्रेनिङ्ग दिई केही समय कार्य गराउनु पर्छ ।

४. कामदारहरुलाई वर्षमा कम्तीमा दुई पटक उर्पयुक्त , उत्प्रेरणा दिने खालका आवश्यक विषयका ट्रेनिङ्गहरु दिनु पर्छ ।

५. सबै कामदारहरुलाई प्राथमिक उपचार सम्बन्धी तालिम दिनु पर्छ ।
६. कामदारहरुलाई नयां प्रकृया वा मेशिनहरुबारे बेला बेलामा आन्तरीक वा बाह्य तालिम दिनु पर्छ ।

## अग्नी तथा विधुतिय आकस्मिक घटना:

अग्नी तथा विद्युतिय आकस्मिक घटनाबाट बच्न र बचाउन उधोगस्थलमा पर्याप्त र उपर्युक्त स्थानहरुमा अग्नी निवारक यन्त्र ( Fire Extuingusher) तथा बालुवा र आगो निभाउन प्रयोग हुने भाडांहरु तथा उपकरणहरु राख्नु पर्छ । सबै कामदारहरुलाई अग्नी निवारक यन्त्रहरु प्रयोग गर्न सिकाउनु पर्छ । विघुतीय लाइनहरु ( electrical wirings) को चेकजाचं ६ - ६ महीनामा गर्नु पर्छ , प्रयोग हुने विद्युतिय स्विचहरु औद्योगिक किसिमका ( spark proof ) र पर्याप्त क्षमताका हुनुपर्छ ।